# उदयपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

प.स.२०८२।०८३
च.नं. ९४६६

मितिः- २०८३।०१।१६

**रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना ।**

**श्री यो जो जससँग सम्वन्धित छ ।**

उदयपुर जिल्ला उदयपुरगढी गाउँपालिका अन्तर्गत श्री माध्यमिक विद्यालय छिन्द्रङखोला बर्रेमा रिक्त रहेको निम्नमाध्यमिक तह विषय अंग्रेजी तृतीय श्रेणी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.१५४ मिति २०८३।०१।१५ को पत्रबाट अनुरोध भई आएकोले निम्नमाध्यमिक तह विषय अंग्रेजी तृतीय श्रेणी समान तह,श्रेणी योग्यता पुगेका स्थायी शिक्षकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्चः-**

१ तोकिएको म्यादभित्र विद्यालयमा इमेल ठेगना **shreemavichhindringkholabarre@gmail.com** मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२ म्याद नाघी वा तोकिए वमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुनेछैन ।

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाइ गाईघाट ,उदयपुर ।

श्री माध्यमिक विद्यालय छिन्द्रिङखोला बर्रे वडा नं.३ उदयपुरगढी गाउँपालिका,उदयपुर ।

श्री सूचना प्रविधि शाखा वेभ साइटमा सूचना अपलोड गर्नुहुन ।

**पुष्प कुमार थापा**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

नि. प्रमुख प्रशासकिय अधिकृत